# शैक्षिक प्रशासनको गुणस्तर सुधारमा शिक्षा व्यवस्थापन सूचना प्रणालीको भूमिका

**पोषण निरौला**
परीक्षा तथा इएमआइएस शाखा, मदन भण्डारी मेमोरियल कलेज

## लेखसार

यस अध्ययनले शैक्षिक संस्थाहरूमा प्रयोग भइरहेको Education Management Information System (EMIS) ले प्रशासनिक गुणस्तर सुधारमा पुऱ्याएको योगदानको विश्लेषण गरेको छ। यो अध्ययन विशेषगरी मदन भण्डारी मेमोरियल कलेजसँग सम्बन्धित रहेको छ। EMIS प्रणालीमार्फत विद्यार्थी भर्ना, शिक्षक कर्मचारी व्यवस्थापन, सूचना सम्प्रेषण, हाजिरी, परीक्षा सञ्चालन, नतिजा प्रकाशन, वार्षिक एवम् EMIS प्रतिवेदन निर्माण, बिलिङ, लेखा प्रणाली तथा डिजिटल अभिलेख प्रणाली सञ्चालन भइरहेको अवस्थालाई अध्ययनको आधार बनाइएको छ। यस अध्ययनमा मिश्रित अनुसन्धान विधि प्रयोग गरिएको छ। अध्ययनका लागि प्रशासनिक अभिलेख, वार्षिक प्रतिवेदन, EMIS प्रतिवेदन, प्रत्यक्ष अवलोकन तथा प्रणालीगत अनुभवलाई तथ्याङ्क स्रोतका रूपमा प्रयोग गरिएको छ। अध्ययनले EMIS प्रणालीले प्रशासनिक कार्यलाई छिटो, व्यवस्थित तथा प्रभावकारी बनाएको देखाएको छ। विशेष रूपमा डेटा व्यवस्थापन, रिपोर्टिङ प्रणाली, निर्णय प्रक्रिया तथा डिजिटल अभिलेख व्यवस्थापनमा उल्लेखनीय सुधार आएको पाइयो। विद्यार्थी भर्ना, परीक्षा, नतिजा प्रकाशन, वार्षिक प्रतिवेदन निर्माण, आदि प्रक्रियामा लाग्ने समय घटेको अध्ययनले देखाएको छ। यद्यपि अध्ययनले EMIS प्रणाली पूर्ण रूपमा चुनौतीरहित नभएको पनि देखाएको छ। प्रयोगकर्ता प्रशिक्षण अभाव, system user-friendly नभएको तथा system customization सम्बन्धी समस्या मुख्य चुनौतीका रूपमा देखिएका छन्। समग्र रूपमा हेर्दा EMIS प्रणालीले कलेज प्रशासनलाई म्यानुअल प्रणालीबाट डिजिटल प्रणालीतर्फ रूपान्तरण गर्न महत्त्वपूर्ण भूमिका खेलेको निष्कर्ष निकालिएको छ। अध्ययनले शैक्षिक संस्थाहरूमा प्रशासनिक गुणस्तर सुधार, तथ्याङ्क व्यवस्थापन तथा प्रभावकारी निर्णय प्रक्रियाका लागि EMIS प्रणालीको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको देखाएको छ।

*मुख्य शब्दावली:* EMIS, प्रशासनिक गुणस्तर, डिजिटल प्रशासन, डेटा व्यवस्थापन, शैक्षिक प्रशासन, सूचना प्रणाली

**Article History**
**Received:** March 28, 2026
**Accepted:** June 10, 2026

**Email**
new.kancho@gmail.com

**Cite**
Niraula, P. (2026). शैक्षिक प्रशासनको गुणस्तर सुधारमा शिक्षा व्यवस्थापन सूचना प्रणालीको भूमिका. *Shweta Shardul*, *22*(1), 234–242. https://doi.org/10.5281/zenodo.20676745

Copyright © 2026 The Author(s). Published by Madan Bhandari Memorial College, New Baneshwor, Kathmandu. Distributed under the terms of the Creative Commons Attribution 4.0 International License (CC BY-NC 4.0)

## विषय परिचय

शिक्षा कुनै पनि राष्ट्रको समग्र विकासको आधार स्तम्भ मानिन्छ। एक सुदृढ र प्रभावकारी शिक्षा प्रणालीले मात्र सक्षम जनशक्ति उत्पादन गर्न सक्छ। जसले देशको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ (World Bank, 2020a)। यस सन्दर्भमा शैक्षिक संस्थाहरूको प्रशासनिक संरचना र

व्यवस्थापन प्रणालीको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ । प्रशासनिक कार्यहरू केवल औपचारिक प्रक्रिया मात्र नभई शैक्षिक गुणस्तर, पारदर्शिता तथा प्रभावकारी निर्णय प्रक्रियासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छन् (UNESCO, 2018a) । प्रशासनिक प्रणाली नै संस्था सञ्चालनको मेरुदण्ड भएकाले शैक्षिक संस्थामा प्रशासनिक कार्य महत्त्वपूर्ण हुन्छ । विद्यार्थी भर्ना, परीक्षा व्यवस्थापन, नतिजा प्रकाशन, शिक्षक तथा कर्मचारी व्यवस्थापन तथा अभिलेख व्यवस्थापन जस्ता कार्यहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सक्षम प्रशासन आवश्यक हुन्छ । यदि प्रशासनिक प्रणाली व्यवस्थित छैन भने शैक्षिक गुणस्तरमा गिरावट आउन सक्छ। त्यसैले कुनै पनि शैक्षिक संस्थाको समग्र गुणस्तर सुधार गर्न प्रशासनिक कार्यलाई व्यवस्थित र प्रविधिमैत्री बनाउनु अपरिहार्य हुन्छ।

नेपालको सन्दर्भमा शैक्षिक प्रशासन अझै पनि परम्परागत प्रणालीमा आधारित रहेको पाइन्छ। धेरै शैक्षिक संस्थाहरू कागजी अभिलेखमा निर्भर रहेका छन् । जसका कारण डेटा सङ्कलन, भण्डारण र विश्लेषण प्रक्रियामा विभिन्न समस्या देखिन्छन् (Ministry of Education, Science and Technology [MoEST], 2019a) । विद्यार्थीको विवरण, परीक्षा नतिजा, विद्यार्थी तथा शिक्षक कर्मचारी हाजिरी एवम् व्यवस्थापन, तथा वित्तीय अभिलेख जस्ता महत्त्वपूर्ण सूचनाहरू व्यवस्थित रूपमा सुरक्षित राख्न नसक्दा सूचना हराउने, दोहोरो अभिलेख हुने वा गलत सूचना प्रवाह हुने सम्भावना उच्च हुन्छ। त्यसैगरी डेटा व्यवस्थापनमा हुने ढिलाइ अर्को प्रमुख समस्या हो। कागजी प्रणालीमा आधारित सूचना सङ्कलन र प्रशोधन प्रक्रिया समय सापेक्ष नहुने हुँदा समयमै सही निर्णय लिन कठिन हुन्छ (Pant, 2024) । उदाहरणका लागि विद्यार्थी भर्ना, नतिजा प्रकाशन, प्रशासनिक प्रतिवेदन तयार गर्ने वा सम्बन्धित निकायमा विवरण पठाउने कार्यहरूमा ढिलाइ हुँदा संस्थाको कार्यक्षमता प्रभावित हुन्छ। परम्परागत प्रशासनिक प्रणालीमा देखिने केही कमजोरीहरूमा पारदर्शिताको अभाव, डेटा सुरक्षाको समस्या, दक्षताको कमी, निर्णय प्रक्रियामा ढिलाइ जसका कारण शैक्षिक संस्थाहरूले समयमै गुणस्तरीय सेवा प्रदान गर्न सकिरहेका छैनन् (MoEST, 2019b)। यसले केवल प्रशासनिक पक्ष मात्र नभई समग्र शैक्षिक वातावरणमा समेत नकारात्मक असर पार्दछ।

शिक्षा क्षेत्रमा सूचना प्रविधिको प्रयोग बढ्दै गएको छ, जसले प्रशासनिक कार्यलाई सरल, छिटो र प्रभावकारी बनाउने सम्भावना प्रस्तुत गर्दछ । यसै प्रविधिमूलक प्रणालीमध्ये एक महत्त्वपूर्ण प्रणाली हो EMIS (Education Management Information System) । EMIS भन्नाले शिक्षा व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण सूचनाहरूलाई व्यवस्थित रूपमा सङ्कलन, भण्डारण, प्रशोधन तथा विश्लेषण गर्ने डिजिटल प्रणाली हो। EMIS को मुख्य उद्देश्य शिक्षासम्बन्धी सूचनालाई व्यवस्थित बनाउँदै प्रशासनिक कार्यलाई प्रभावकारी, पारदर्शी तथा उत्तरदायी बनाउनु हो । EMIS किन विकास गरिएको हो भन्ने प्रश्नको उत्तर परम्परागत प्रणालीमा देखिएका कमजोरीहरूमा निहित छ। कागजी प्रणालीमा आधारित सूचना व्यवस्थापनले दक्षता र विश्वसनीयतामा कमी ल्याउने भएकाले त्यसको विकल्पको रूपमा EMIS को विकास भएको हो (World Bank, 2020b) । EMIS प्रणालीले विभिन्न स्रोतहरूबाट प्राप्त सूचनालाई एउटै प्लेटफर्ममा समेट्ने कार्य गर्दछ। यसले डेटामा दोहोरोपन घटाउनुका साथै सूचना प्रवाहलाई व्यवस्थित बनाउँछ । साथै यसले विभिन्न तहका प्रयोगकर्ताहरू जस्तै विद्यालय, कलेज, विश्वविद्यालय, विश्वविद्यालय अनुदान आयोग, स्थानीय तह, प्रदेश तथा संघीय सरकारबीच सूचना आदानप्रदानलाई सहज बनाउँछ । यसले समग्र शिक्षा प्रणालीमा समन्वय र एकरूपता कायम गर्न मद्दत गर्दछ । EMIS ले बहुआयामिक कार्यहरू सम्पादन गर्दछ । मानवीय त्रुटी घटाई तथ्याङ्क सङ्कलन प्रक्रिया स्वचालित बनाउँछ। यसले डेटा भण्डारणलाई सुरक्षित र व्यवस्थित बनाउँछ। दीर्घकालीन अभिलेख व्यवस्थापनमा सहयोग पुऱ्याउँछ । यस मार्फत डेटा विश्लेषण गरी विभिन्न सूचकहरू तयार गर्न सकिन्छ । EMIS ले नीति तथा योजना निर्माणमा आधार प्रदान गर्दछ, रिपोर्टिङ प्रणालीलाई छिटो र सटीक बनाउँछ र प्रशासनिक कार्यलाई चुस्त बनाउँछ (UNESCO, 2025) ।

नेपालको सन्दर्भमा पनि EMIS को प्रयोग क्रमशः बढ्दै गएको छ । सरकारले विद्यालय तहसम्म Web-

Based EMIS प्रणाली लागू गरिरहेको छ, जसले शिक्षा क्षेत्रको डेटा व्यवस्थापनलाई सुधार गर्न मदत गरेको छ। यस प्रणालीमार्फत विद्यार्थी विवरण, शिक्षकको अवस्था, विद्यालयको भौतिक संरचनालगायतका सूचनाहरू सङ्कलन गरी राष्ट्रिय स्तरमा विश्लेषण गर्न सकिन्छ । यसले शिक्षा नीतिको निर्माण तथा कार्यान्वयनमा महत्त्वपूर्ण भूमिका खेलेको छ (Pant, 2024)।

यसरी EMIS को प्रभावकारी प्रयोगले शैक्षिक संस्थामा प्रशासनिक गुणस्तर सुधार गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्दछ। परम्परागत प्रणालीका कमजोरीहरूलाई न्यूनीकरण गर्दै पारदर्शिता र विश्वसनीयता वृद्धि गर्न सहयोग गर्दछ।

## समस्या कथन

नेपालका अधिकांश शैक्षिक संस्थाहरूमा प्रशासनिक कार्य अझै पनि परम्परागत कागजी प्रणालीमा आधारित रहेको पाइन्छ । जसका कारण सूचना व्यवस्थापनमा अप्रभावकारिता, एकरूपता नहुने तथा कार्य सम्पादन गर्न ढिलाइ हुने जस्ता समस्या देखिन्छन् । विभिन्न विभागहरूमा अलग–अलग तरिकाले डेटा राखिने हुँदा सूचनामा एकरूपता नभएको देखिन्छ। जसले प्रशासनिक निर्णय प्रक्रियालाई जटिल बनाउँछ।

EMIS जस्तो एकीकृत प्रणालीको अभावमा डेटा खोज्न, अद्यावधिक गर्न तथा विश्लेषण गर्न कठिन हुन्छ, जसले समयमै सही निर्णय लिन बाधा पुर्‍याउँछ। साथै पारदर्शिताको कमी पनि देखिन्छ। त्यसैले हालको प्रणालीमा सुधार गर्दै व्यवस्थित, सटीक र छिटो सूचना व्यवस्थापन गर्न सक्षम प्रणालीको आवश्यकता स्पष्ट रूपमा देखिन्छ।

## अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नबमोजिम रहेका छन्:

- शैक्षिक प्रशासनमा तथ्याङ्क व्यवस्थापनलाई व्यवस्थित र सुरक्षित बनाउन EMIS को भूमिका पहिचान गर्नु,
- प्रशासनिक कार्यहरूमा हुने समय र लागतको बचतमा EMIS ले पुर्‍याएको योगदानको अध्ययन गर्नु।

## साहित्य समीक्षा

Asio et al. (2022) ले आफ्नो अध्ययनमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) को शैक्षिक नीति तथा प्रशासनमा पर्ने प्रभावको समग्र विश्लेषण गरेका छन्। अध्ययनले विभिन्न अन्तर्राष्ट्रिय अनुसन्धानहरूको समीक्षा गर्दै EMIS को महत्त्व, वर्तमान प्रवृत्ति तथा कार्यान्वयनका चुनौतीहरूलाई स्पष्ट रूपमा प्रस्तुत गरेको छ। EMIS शिक्षा क्षेत्रमा डेटा सङ्कलन, प्रशोधन तथा विश्लेषण गर्ने एकीकृत प्रणाली हो, जसले नीति–निर्माता तथा शैक्षिक प्रशासकहरूलाई समयानुकूल, विश्वसनीय र तथ्यमा आधारित सूचना उपलब्ध गराउँछ।

EMIS को प्रयोगले प्रशासनिक कार्यसम्पादनलाई थप प्रभावकारी, व्यवस्थित र पारदर्शी बनाउन सहयोग पुर्‍याउने तथा मानवीय त्रुटिहरूलाई न्यून गर्न सक्ने देखाएको छ। यस अनुसन्धानको प्रमुख निष्कर्ष EMIS को प्रभावकारी प्रयोगले विद्यालय तथा कलेज प्रशासनलाई अनुमान वा व्यक्तिगत अनुभवका आधारमा होइन, वास्तविक र प्रमाणमा आधारित तथ्याङ्कका आधारमा निर्णय लिन सक्षम बनाउँछ। यसले शैक्षिक योजना, नीति निर्माण तथा स्रोत व्यवस्थापनलाई अझ वैज्ञानिक र उत्तरदायी बनाउन महत्वपूर्ण योगदान पुर्‍याउँछ ।

Enteria & Role (2018) को अध्ययनले सार्वजनिक विद्यालयहरूमा EMIS को कार्यान्वयन र यसको प्रभावकारिता मूल्याङ्कन गरेको छ। यसमा विभिन्न विद्यालयहरूबाट डेटा सङ्कलन गरी अध्ययन गरिएको छ। विभिन्न मोड्युलहरूको प्रयोगले प्रशासनिक कार्यलाई व्यवस्थित बनाउँछ । विशेषगरी Student Module ले सबैभन्दा उच्च प्रभाव देखाएको छ जसले विद्यार्थाको विवरण, हाजिरी, नतिजा आदि सजिलै व्यवस्थापन गर्न मद्दत गर्छ। अध्ययनको मुख्य निष्कर्ष भनेको EMIS को प्रयोगले संस्थाहरूमा कार्य–दक्षता र सङ्गठनात्मक समन्वय उच्च स्तरमा हुन्छ भन्ने छ।

Iwogbe et al. (2025) ले EMIS लाई शैक्षिक प्रशासन सुधारको रणनीतिक उपकरणको रूपमा व्याख्या गरेका छन्। अध्ययन विशेषगरी प्राथमिक शिक्षा क्षेत्रमा EMIS को प्रयोगले प्रशासनिक दक्षता कसरी बढाउँछ

भन्ने विषयमा केन्द्रित छ। अध्ययनमा EMIS ले शिक्षा क्षेत्रमा सूचना प्रवाहलाई व्यवस्थित बनाउँछ, प्रशासनिक प्रक्रिया सरल बनाउँछ, निर्णय प्रक्रियालाई छिटो र प्रभावकारी बनाउँछ भनिएको छ।

Helal et al. (2021) ले EMIS को प्रभावलाई शिक्षण–सिकाइ विकाससँगै प्रशासनिक गुणस्तरमा पनि विश्लेषण गरेका छन्। अध्ययनअनुसार EMIS केवल प्रशासनिक उपकरण मात्र नभई समग्र शैक्षिक गुणस्तर सुधारको आधार पनि हो। यस अध्ययनले EMIS प्रयोग भएका कलेजहरूमा विद्यार्थीहरूको नतिजा सुधारिएको, प्रशासनिक प्रक्रिया व्यवस्थित भएका, शिक्षक र प्रशासनबीच समन्वय बढेको देखाइएको छ। यस अध्ययनले यदि डाटा गलत वा अपूर्ण भएमा EMIS को प्रभाव पनि कमजोर हुने कुरा बताइएको छ।

## अध्ययनको सीमा

प्रशासनिक गुणस्तर सुधारमा EMIS को भूमिकालाई अध्ययन गरेको भए पनि केही सीमाहरू रहेका छन्। अध्ययन मुख्य रूपमा मदन भण्डारी मेमोरियल कलेजको प्रशासनिक तथा परीक्षासम्बन्धी अनुभव, वार्षिक प्रतिवेदन तथा EMIS सम्बन्धी अभ्यासमा आधारित भएकाले यसका निष्कर्षहरू सबै शैक्षिक संस्थामा समान रूपमा लागु नहुन सक्छन्। EMIS को प्रभावलाई पूर्ण रूपमा मूल्याङ्न गर्न दीर्घकालीन अध्ययन आवश्यक पर्छ। यो अनुसन्धान सीमित समयावधिमा सम्पन्न गरिएको हुँदा EMIS को दीर्घकालीन प्रभाव, नीति–निर्माणमा यसको स्थायी योगदान तथा संस्थागत रूपान्तरणका पक्षहरू विस्तृत रूपमा समेट्न सकिएको छैन।

## अनुसन्धानको ग्याप

EMIS सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययनहरू उपलब्ध भए पनि अधिकांश अनुसन्धानहरू विद्यालय तह, सरकारी शिक्षा प्रणाली वा नीति–निर्माण प्रक्रियामा केन्द्रित भएको पाइन्छ। विशेषगरी कलेज प्रशासनमा EMIS को प्रयोगले प्रशासनिक गुणस्तरमा पारेको प्रभावबारे नेपालमा सीमित अनुसन्धान मात्र उपलब्ध छन्। अन्तर्राष्ट्रिय अध्ययनहरूले EMIS को प्रयोगले डेटा व्यवस्थापन, योजना निर्माण तथा प्रशासनिक दक्षतामा सुधार ल्याएको देखाए पनि ती अध्ययनहरू प्रायः विकसित देशहरूको शैक्षिक प्रणालीमा आधारित छन्। नेपालको सन्दर्भमा प्राविधिक पूर्वाधार, डिजिटल पहुँच तथा संस्थागत व्यवस्थापन फरक भएकाले ती अध्ययनका निष्कर्षहरूलाई प्रत्यक्ष रूपमा लागू गर्न कठिन हुन्छ।


यस अनुसन्धानले उक्त ग्यापहरूलाई पूर्ति गर्ने प्रयास गरेको छ। विशेषगरी मदन भण्डारी मेमोरियल कलेजको सन्दर्भलाई आधार मानेर EMIS को प्रयोगले प्रशासनिक प्रक्रियामा ल्याएको सुधार, चुनौती तथा प्रभावलाई विश्लेषण गरिएको छ।

## अवधारणात्मक ढाँचा

यो अध्ययनमा EMIS लाई प्रशासनिक गुणस्तर सुधार गर्ने प्रमुख Independent Variable र प्रशासनिक अभिलेख व्यवस्थापन, पारदर्शिता तथा निर्णय क्षमतालाई Dependent Variables का रूपमा लिइएको छ। EMIS ले शैक्षिक संस्थाभित्र विभिन्न प्रशासनिक तथ्याङ्कहरूलाई एकीकृत गरी व्यवस्थित सूचना प्रणाली निर्माण गर्दछ। यसले विद्यार्थी अभिलेख, परीक्षा नतिजा, शिक्षक विवरण, आर्थिक अभिलेख तथा प्रशासनिक प्रतिवेदनलाई डिजिटल माध्यममार्फत व्यवस्थापन गर्न सहयोग पुर्‍याउँछ। यस अध्ययनले EMIS को प्रभावकारी कार्यान्वयनले प्रशासनिक प्रणालीलाई व्यवस्थित, डिजिटल तथा पारदर्शी बनाउँछ भन्ने मान्यतालाई आधार मानेको छ।

**चित्र १**

*अवधारणात्मक सम्बन्ध*



## अनुसन्धान विधि

यस अध्ययनमा मिश्रित अनुसन्धान विधि अपनाइएको छ । अध्ययन मुख्य रूपमा मदन भण्डारी मेमोरियल कलेजमा प्रयोग भइरहेको EMIS प्रणालीलाई आधार मानेर तयार पारिएको छ। अध्ययनमा प्रयोग गरिएको EMIS प्रणालीले विद्यार्थी भर्ना, परीक्षा व्यवस्थापन, नतिजा प्रशोधन, हाजिरी व्यवस्थापन, शिक्षक अभिलेख, बिलिङ, लेखा, पुस्तकालय, एसएमएस, सूचना अभिलेख जस्ता प्रशासनिक कार्यहरूलाई डिजिटल माध्यमबाट सञ्चालन गर्दै आएको छ । यस अनुसन्धानमा प्राथमिक तथा द्वितीय दुबै प्रकारका तथ्याङ्क प्रयोग गरिएको छ । प्राथमिक तथ्याङ्कका लागि प्रत्यक्ष अवलोकन तथा प्रशासनिक अनुभवलाई आधार बनाइएको छ । द्वितीय तथ्याङ्का स्रोतहरूमा वार्षिक प्रतिवेदन, EMIS प्रतिवेदन, प्रशासनिक अभिलेख, डिजिटल रिपोर्ट, तथा अनुसन्धान लेखहरू समावेश गरिएको छ । यस अनुसन्धानमा गुणात्मक विश्लेषणका लागि व्याख्यात्मक शैली प्रयोग गरिएको छ भने परिमाणात्मक तथ्याङ्कलाई प्रतिशत तथा तुलनात्मक तालिकामार्फत प्रस्तुत गरिएको छ।

### डेटा प्रस्तुति र विश्लेषण

यस अध्ययनमा प्रयोग गरिएको डाटा मुख्य रूपमा मदन भण्डारी मेमोरियल कलेजमा सञ्चालन भइरहेको EMIS प्रणाली, प्रशासनिक अभिलेख, वार्षिक प्रतिवेदन, EMIS प्रतिवेदन तथा प्रशासनिक अवलोकनमा आधारित रहेको छ । अध्ययनको मुख्य उद्देश्य शैक्षिक संस्थाहरूमा EMIS को प्रयोगले प्रशासनिक गुणस्तर सुधारमा पुऱ्याएको योगदानलाई विश्लेषण गर्नु भएकाले डेटा प्रस्तुति तथा विश्लेषणलाई प्रशासनिक कार्यक्षमता, तथ्याङ्क व्यवस्थापन, समय बचत, पारदर्शिता तथा निर्णय प्रक्रियासँग सम्बन्धित विभिन्न पक्षहरूमा केन्द्रित गरिएको छ। यस अध्ययनमा डेटालाई तालिका, प्रतिशत, वर्णनात्मक विश्लेषण तथा तुलनात्मक प्रस्तुतीकरणमार्फत विश्लेषण गरिएको छ। UNESCO (2018b) काअनुसार EMIS को प्रमुख उद्देश्य शैक्षिक संस्थाहरूमा सूचना व्यवस्थापनलाई व्यवस्थित, छिटो तथा विश्वसनीय बनाउनु हो। यस अध्ययनमा पनि EMIS ले प्रशासनिक कार्यहरूलाई व्यवस्थित बनाउन कत्तिको योगदान पुऱ्याएको छ भन्ने पक्षलाई मुख्य आधार बनाइएको छ।

## नतिजा र छलफल

### प्रशासनिक क्षेत्रमा EMIS को प्रयोगको अवस्था

कलेज प्रशासनका विभिन्न विभागहरूमा EMIS प्रणाली प्रयोग भइरहेको अवस्था निम्न तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका १**

*प्रशासनिक क्षेत्रमा EMIS प्रयोगको अवस्था*

| क्र.सं. | प्रशासनिक क्षेत्र | EMIS प्रयोगको अवस्था |
|---|---|---|
| १ | विद्यार्थी भर्ना तथा कक्षा व्यवस्थापन | पूर्ण डिजिटल |
| २ | विद्यार्थी हाजिरी | पूर्ण डिजिटल |
| ३ | कर्मचारी हाजिरी | पूर्ण डिजिटल |
| ४ | आन्तरिक परीक्षा व्यवस्थापन | पूर्ण डिजिटल |
| ५ | आन्तरिक परीक्षा नतिजा प्रकाशन | पूर्ण डिजिटल |
| ६ | वार्षिक/ EMIS प्रतिवेदन | डिजिटल |
| ७ | बिलिङ तथा लेखा | पूर्ण डिजिटल |
| ८ | शिक्षक कर्मचारी व्यवस्थापन | डिजिटल |

| क्र.सं. | प्रशासनिक क्षेत्र | EMIS प्रयोगको अवस्था |
|---|---|---|
| ९ | LMS प्रणाली | डिजिटल |
| १० | पुस्तकालय सेवा | पूर्ण डिजिटल |
| ११ | SMS सूचना प्रणाली | सक्रिय |

प्रस्तुत तालिकामा कलेज प्रशासनका अधिकांश कार्यहरू EMIS प्रणालीमार्फत सञ्चालन भइरहेको देखाउँछ। विशेष रूपमा विद्यार्थी भर्ना तथा कक्षा व्यवस्थापन, आन्तरिक परीक्षा व्यवस्थापन तथा नतिजा प्रकाशन अन्त तथ्याङ्क विवरण पूर्ण रूपमा डिजिटल माध्यममा आधारित रहेको छ। यसले प्रशासनिक कार्यलाई व्यवस्थित, छिटो तथा सुरक्षित बनाएको छ (UNESCO, 2025) । यस प्रणालीले प्रशासनिक पारदर्शिता तथा उत्तरदायित्वमा सकारात्मक प्रभाव पारेको देखिन्छ । SMS प्रणाली तथा डिजिटल सूचना प्रवाहले विद्यार्थी र कलेज प्रशासनबीचको सञ्चारमा सुधार भएको छ।

## डेटा व्यवस्थापनमा EMIS को भूमिका

EMIS को मुख्य उद्देश्य प्रशासनिक डेटा व्यवस्थापनलाई व्यवस्थित बनाउनु हो। यस अध्ययनमा कलेज प्रशासनमा प्रयोग हुने विभिन्न डेटा व्यवस्थापन प्रक्रियालाई विश्लेषण गरिएको छ।

**तालिका २**

*प्रशासनिक व्यवस्थापनमा EMIS प्रयोगको अवस्था*

| डेटा व्यवस्थापन क्षेत्र | EMIS पूर्वअवस्था | EMIS पछिको अवस्था |
|---|---|---|
| विद्यार्थी अभिलेख | कागजी फाइल | डिजिटल डेटाबेस |
| परीक्षा रेकर्ड | Manual Entry | Automated System |
| रिपोर्ट निर्माण | समय लाग्ने | तत्काल |
| डेटा खोज प्रक्रिया | जटिल | छिटो |
| डेटा सुरक्षा | कमजोर | व्यवस्थित |

तालिकाअनुसार EMIS प्रणाली लागु भएपछि विद्यार्थी तथा प्रशासनिक अभिलेखहरू डिजिटल माध्यममा सुरक्षित रूपमा व्यवस्थापन गर्न सम्भव भएको छ । पहिले Manual Filing System मा आधारित अभिलेखहरू खोज्न तथा अद्यावधिक गर्न कठिन हुने गरेको थियो । EMIS लागु भएपछि Centralized Database System मार्फत आवश्यक तथ्याङ्क तुरुन्त प्राप्त गर्न सकिने अवस्था छ (Kebebe, 2024)। EMIS प्रणालीले कलेजको डेटा व्यवस्थापन प्रक्रियालाई व्यवस्थित, सुरक्षित तथा विश्वसनीय बनाएको देखाएको छ। पहिले कागजी अभिलेखमा आधारित प्रणालीमा डेटा खोज्न, अद्यावधिक गर्न तथा सुरक्षित राख्न कठिन हुने गरेको थियो। EMIS लागू भएपछि विद्यार्थी भर्ना प्रक्रिया तथा डेटा विश्लेषण, परीक्षा व्यवस्थापन तथा नतिजा प्रकाशन, प्रशासनिक अभिलेख सहज भएको छ।

## समय बचत तथा प्रशासनिक दक्षता

EMIS को प्रयोगले प्रशासनिक कार्य सम्पन्न गर्न लाग्ने समय घटाएको छ। विशेषगरी विद्यार्थी भर्ना, परीक्षा व्यवस्थापन, रिपोर्टिङ तथा नतिजा प्रकाशनमा उल्लेखनीय सुधार भएको छ।

**तालिका ३**

*कार्य सम्पादना EMIS को समय बचत प्रभाव*

| प्रशासनिक कार्य | Manual System | EMIS System | समय बचत |
|---|---|---|---|
| विद्यार्थी भर्ना | १५–२० मिनेट | २–५ मिनेट | उच्च |
| परीक्षा नतिजा तयारी | ३–५ दिन | केही घण्टा | अत्यधिक |
| रिपोर्ट निर्माण | २–३ दिन | तत्काल | अत्यधिक |
| शिक्षक तथा कर्मचारी हाजरी विश्लेषण | १–३ दिन | तत्काल | उच्च |
| शुल्क विवरण तयारी | धेरै समय लाग्ने | तत्काल | उच्च |

प्रस्तुत तथ्याङ्कअनुसार EMIS प्रणालीले प्रशासनिक कार्यहरूलाई छिटो, सहज र प्रभावकारी बनाएको छ । विशेषगरी परीक्षा नतिजा तयारी र प्रतिवेदन निर्माणमा उल्लेखनीय समय बचत भएको देखिन्छ (UNESCO UIS, 2024)।

## प्रशासनिक पारदर्शितामा EMIS को प्रभाव

EMIS प्रणालीले प्रशासनिक प्रक्रियालाई व्यवस्थित तथा पारदर्शी बनाउन सहयोग पुऱ्याएको छ।

**तालिका ४**

*EMIS प्रणालीको प्रयोगबाट प्रशासनिक सेवामा आएको सुधार*

| क्षेत्र | प्रभावको अवस्था |
|---|---|
| विद्यार्थीहरूमा सूचनाको पहुँच | सुधार भएको |
| शुल्क विवरण पारदर्शिता | वृद्धि भएको |
| परीक्षा नतिजा प्रकाशन | व्यवस्थित |
| प्रशासनिक रिपोर्टिङ | छिटो |
| अभिलेख ट्र्याकिङ | प्रभावकारी |

EMIS को प्रयोगपछि प्रशासनिक सूचनाहरू व्यवस्थित तथा डिजिटल रेकर्डमा आधारित भएको पाइयो । विद्यार्थी, शिक्षक/कर्मचारी तथा प्रशासनबीच सूचना आदान–प्रदान सहज भएको छ। SMS प्रणाली तथा डिजिटल रिपोर्टिङले प्रशासनिक पारदर्शिता बढाउन सहयोग गरेको छ। EMIS प्रणालीले कलेज प्रशासनमा उल्लेखनीय दक्षता वृद्धि गरेको देखाएको छ। विद्यार्थी भर्ना, परीक्षा व्यवस्थापन, नतिजा प्रकाशन, रिपोर्ट निर्माण तथा अभिलेख व्यवस्थापन जस्ता कार्यहरू डिजिटल प्रणालीमा आधारित भएपछि प्रशासनिक कार्य सम्पन्न गर्ने समय घटेको पाइयो। विशेष रूपमा Centralized Database प्रणालीले प्रशासनिक तथ्याङ्लाई व्यवस्थित बनाएको छ । यसले बारम्बार दोहोरिने प्रकृतिका कार्यहरूलाई स्वचालित बनाएर कर्मचारीहरूको कार्यभार कम गरेको देखिन्छ। यो निष्कर्ष Ahmad (2024) को अध्ययनसँग मेल खान्छ जसले EMIS ले संस्थागत प्रभावकारिता तथा प्रशासकीय व्यवस्थापन सुधार गर्ने उल्लेख गरेका छन्।

## निर्णय प्रक्रियामा EMIS को भूमिका

EMIS प्रणालीले तथ्याङ्कमा आधारित भएर निर्णय लिन सहज बनाएको छ। यसरी डेटामा आधारित भएर गरिएका निर्णयहरूको प्रभावकारिता पनि उच्च रहन्छ।

**तालिका ५**

*निर्णय प्रक्रिया EMIS प्रणालीको प्रभाव*

| निर्णय क्षेत्र | प्रभाव अवस्था |
|---|---|
| विद्यार्थी तथ्याङ्क विश्लेषण | प्रभावकारी |
| परीक्षा योजना | व्यवस्थित |
| वित्तीय योजना | सहज |
| नीति निर्माण सहयोग | सुधार भएको |

EMIS प्रणालीबाट प्राप्त Real-Time Data ले प्रशासनिक निर्णय प्रक्रियालाई व्यवस्थित बनाउन सहयोग गरेको छ । विशेष रूपमा वार्षिक प्रतिवेदन निर्माण, EMIS रिपोर्ट तथा परीक्षा व्यवस्थापनमा निर्णय लिन आवश्यक तथ्याङ्क तत्काल प्राप्त हुने भएकाले प्रशासनिक कार्यहरू बढी प्रभावकारी भएका छन् साथै निर्णय प्रक्रिया छिटो तथा व्यवस्थित भएको पाइयो ।

## EMIS प्रयोगका चुनौतीहरू

EMIS प्रणाली प्रभावकारी भए तापनि केही चुनौतीहरू अझै कायम रहेका छन् । अध्ययन अनुसार प्रयोगकर्ता प्रशिक्षण अभाव, System user-friendly नभएको, Vendor customization समस्या मुख्य चुनौतीका रूपमा देखिएका छन्। विशेष रूपमा कलेजको प्रशासनिक आवश्यकताअनुसार प्रणाली पूर्ण रूपमा customize नभएकाले केही कार्यहरू अझै म्यानुअल प्रक्रियामा आधारित रहेका छन् । यसले EMIS को प्रभावकारिता बढाउन नियमित प्रशिक्षण, user-friendly interface तथा customized system development आवश्यक रहेको देखाउँछ।

## निष्कर्ष

यस अध्ययनमा प्रशासनिक गुणस्तर सुधारमा EMIS को भूमिका विषयलाई मदन भण्डारी मेमोरियल कलेजको सन्दर्भमा विश्लेषण गरिएको छ। अध्ययनबाट प्राप्त तथ्याङ्क तथा विश्लेषणले EMIS प्रणालीले कलेज प्रशासनलाई व्यवस्थित, छिटो, पारदर्शी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको स्पष्ट देखाएको छ। EMIS प्रणाली लागू भएपछि कलेजका विभिन्न प्रकारका प्रशासनिक कार्यहरू तथा डिजिटल अभिलेख प्रणालीमा उल्लेखनीय सुधार आएको पाइयो । विशेष रूपमा Centralized Database प्रणालीले प्रशासनिक तथ्याङ्क व्यवस्थापनलाई व्यवस्थित तथा सुरक्षित बनाएको छ । अध्ययनले EMIS को प्रयोगले प्रशासनिक कार्यमा लाग्ने समय घटाएको, Manual त्रुटि कम गरेको तथा रिपोर्टिङ प्रणालीलाई प्रभावकारी बनाएको देखाएको छ । वार्षिक प्रतिवेदन तथा EMIS प्रतिवेदन निर्माण प्रक्रियामा आवश्यक तथ्याङ्क तुरुन्त प्राप्त गर्न सकिने भएकाले प्रशासनिक निर्णय प्रक्रिया बढी प्रभावकारी बनेको पाइयो। त्यसैगरी, डिजिटल सूचना प्रणाली तथा SMS सेवाले प्रशासनिक पारदर्शिता तथा उत्तरदायित्वमा सकारात्मक प्रभाव पारेको देखिन्छ। विद्यार्थी, शिक्षक तथा प्रशासनबीच सूचना आदान–प्रदान व्यवस्थित तथा छिटो भएको पाइयो।

समग्र रूपमा हेर्दा EMIS प्रणालीले कलेज प्रशासनलाई परम्परागत Manual प्रणालीबाट आधुनिक डिजिटल प्रणालीतर्फ रूपान्तरण गरेको निष्कर्ष निकाल्न सकिन्छ। त्यसैले शैक्षिक संस्थाहरूमा EMIS प्रणालीको प्रभावकारी कार्यान्वयन प्रशासनिक गुणस्तर सुधारको महत्त्वपूर्ण आधार बन्न सक्ने देखिन्छ।

## सन्दर्भ सूची

Ahmad, I. (2024). Evaluation of the implementation of educational management information systems in supporting strategic decision-making in higher education. *Contemporary Journal of Applied Sciences*, *2*(6), 461–470.

Asio, J. M. R., & Jimenez, E. C. (2022). Implementation of Education Management Information System (EMIS) and its influence on educational policy and administration. *International Journal of Educational Management and Development Studies*, *3*(8),1389–1398.

Enteria, O. C., & Role, J. L. (2018). Status of implementation of education management information system (EMIS) in public elementary schools. *International Journal of Scientific and Research Publications*, *6*(6),452–462.

Helal, M. S. A., Ahmed, I., & Bhuiyan, M. E. M. (2021). Impact of Education Management Information System (EMIS) on teaching-learning development. *International Journal of Academic Research in Progressive Education and Development*, *10*(2), 948–956. https://dx.doi.org/10.6007/IJARPED/v10-i2/10443

Iwogbe, E. C., Chigbo-Obasi, T. U., Ezeanwu, M. C., & Obona, E. E. (2025). Educational management information system (EMIS), a strategic tool for promoting primary education administration: Emerging challenges and sustainable solutions. *Int'l Journal of Education Research and Scientific Development*, *8*(1), 1–10. https://doi.org/10.59795/ijersd.v8i1.231

Kebebe, M., & Regassa, T. (2024). An empirical research on the practices of Education Management Information System (EMIS) in South West Showa education sectors. *American Journal of Education and Information Technology*, *8*(2), 69–72. https://doi.org/10.11648/j.ajeit.20240802.11

Ministry of Education, Science and Technology. (2019a). *Education in Nepal*: *Sector analysis report*. Government of Nepal.

Ministry of Education, Science and Technology. (2019b). *Nepal education sector profile. Government of Nepal*.

Pant, A. D. (2024). *E-governance in Nepali education: Issues of education management information system* (*EMIS*). Tribhuvan University.

UNESCO. (2018a). *Education Management Information Systems* (*EMIS*): *Guide for Data Management and Functionality*. UNESCO.

UNESCO. (2018b). *Re-orienting education management information systems* (*EMIS*) *towards inclusive and equitable quality education and lifelong learning*. UNESCO.

UNESCO. (2025). *Education management, monitoring and evaluation*. United Nations Educational, Scientific and Cultural Organization.

UNESCO Institute for Statistics. (2024). *Guidelines for data management and functionality in education management information systems* (*EMIS*). UNESCO Institute for Statistics.

World Bank. (2020a). *Nepal*: *School sector development plan* (EMIS implementation insights). World Bank.

World Bank. (2020b). *The role of education management information systems in improving education outcomes*. World Bank Group.